## २०७६ साल फागुन ११ गते आईतबार दिनको ३:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको यस प्रदेशको राजधानी पोखरामा नेपाल ट्रष्टको स्वामित्वमा रहेको रत्नमन्दिर र हिमागृह लगायत जग्गा समेत नेपाल ट्रष्टबाट प्रदेश सरकार मातहत ल्याउने आवश्यक प्रक्रिया, ती सम्पदाको मर्मत संभार, संरक्षण, संचालन तथा व्यवस्थापन गर्ने विषयमा विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विज्ञ वा सल्लाहकार नियुक्ति सम्बन्धी मापदण्ड, २०७५ मा संशोधन गर्ने।

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको व्यवसाय इन्कुबेसन सेन्टर स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ मा देहाय वमोजिम परिमार्जन गरी स्वीकृत गर्ने।

"(क) प्रस्तुत कार्यविधिको दफा १० को उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदाफा (१) राख्नेः

(१) तालिम कार्यक्रमका सहभागीहरुको छनौट गरी मन्त्रालय समक्ष सिफारिश गर्न देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| सदस्य (भूमि व्यवस्था तथा कृषि हेर्ने), प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश | -संयोजक |
| प्रमुख (उप सचिवस्तर) मन्त्रालयको योजना तथा अनुगमन शाखा | -सदस्य |
| प्रमुख (उप सचिवस्तर) कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | -सदस्य |
| प्रमुख (उप सचिवस्तर) पशुसेवा तालिम केन्द्र | -सदस्य |
| प्रमुख (उप सचिवस्तर) खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | -सदस्य सचिव |

४. सामाजिक विकास मन्त्रालयको गण्डकी विश्वविद्यालय सञ्चालनका लागि कर्मचारी व्यवस्थापन गर्ने।

५. सामाजिक विकास मन्त्रालयको गण्डकी विश्वविद्यालयको उपकुलपति पदमा नियुक्तिका लागि प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी हुने गरी सिफारिस समिति गठन गर्ने।